**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 04.06.2024**

प्रमुख समाचार-

- राज्यका वर्तमान लोकसभा सदस्य श्री इन्द्रहाङ सुब्बा यस सीटका लागि पुन निर्वाचित।
- सिटिजन एक्शन पार्टी सिक्किमका लोकसभा प्रत्याशी श्री भरत वस्नेतद्वारा पार्टी अध्यक्ष पदबाट राजिनामाको घोषणा।
- अठारौं लोकसभाको चुनाउमा एनडिए गठवन्धन अघाड़ि र
- मुख्यमन्त्री श्री प्रेमसिंह तामङद्वारा राज्यपाल समक्ष प्रस्तुत गर्नुभयो सरकार गठनको औपचारिक प्रस्ताव

## लोक सभा रिजल्ट- सिक्किम

सिक्किमका वर्तमा लोकसभा सदस्य सिक्किम क्रान्तिकारी मोर्चा एसकेएम पार्टीका श्री इन्द्रहाङ सुब्बा यस सीटका लागि पुनः निर्वाचित हुनुभएको छ।
अठारौं लोकसभा गठनका लागि भएको चुनाउमा उहाँले एक लाख चौंसठी हजार तीन सय छ्यानब्बे भोट प्राप्त गर्नुभयो।
श्री सुब्बाले आफ्ना निकटतम प्रतिद्वन्दी सिटिजन एक्शन पार्टी सिक्किमका श्री भरत बस्नेतलाई अस्सी हजार आठ सय तीस भोटले परास्त गर्नुभयो।
श्री वस्नेतको पक्षमा तिरासी हजार पाँच सय छ्यासी मत परेको छ।
तेस्रो स्थानमा रहनुभएका सिक्किम प्रजातान्त्रिक मोर्चा एसडिएफ पार्टीका उम्मेदवार श्री प्रेम दास राईले सतात्तर हजार चार सय चौंसठी मत पाउनुभयो भने भारतीय जनता पार्टी बिजेपी का श्री दिनेश चन्द्र नेपालले उन्नाइस हजार पैंतिस, भारतीय राष्ट्रिय काँग्रेस श्री गोपाल छेत्रीले दुइ हजार दुई सय एकचालिस र सिक्किम रिपब्लिकन पार्टीका श्री खड्गबहादुर राईले चार हजार सात सय एकानब्बे भोट प्राप्त गर्नुभएको छ।
चुनाउ लड्ने आठजना निर्दलीय उम्मेदवारहरूमा भोट संख्यामा चौथो स्थानमा रहने श्री लातेन छिरिङ शेर्पालाई एक्काइस हजार दुई सय तेइस मत प्राप्त भयो। उहाँबाहेक श्री शम्भु छेत्रीले चार हजार छ सय नब्बे, सुश्री वीणा राईले एक हजार एक सय पच्चसी, श्री नवीन किरण प्रधानले एक हजार एक सय छ्यासठी , श्री रविचन्द्र राईले एक हजारएक सय तेइस, श्री श्यामल पलले सात सय चालिस, श्री मधुकर ढकालले पाँच सय बत्तीस र श्री रूद्रमणि प्रधानले पाँच सय उन्नाइस भोट पाउनु भएको छ। नोटामा दुइ हजार पाँच सय सत्ताइस मत परेको छ।

**लोकसभा रिजल्ट सिक्किमि – इन्द्रहाङ**

लोकसभामा दोस्रोपल्ट सिक्किमलाई प्रतिनिधित्व गर्ने श्री इन्द्रहाङ सुब्बाले सत्रौं लोकसभाका निम्ति दुई हजार उन्नाइस सालको चुनाउमा एक लाख छ्यासठी हजार नौ सय बाइस भोट पाउनुभएको थियो। त्यस चुनाउमा उहाँले निकटतम प्रतिद्वन्दी एसडिएफ का श्री डिगबहादुर कुवाललाई बाह्र हजार  चार सय 33 भोटले हराउनु भएको हो।

आज पत्रकारहरूसितको कुराकानीमा निर्वाचित सदस्य श्री सुब्बाले यस जीतलाई सिक्किमे जनता र एसकेएम पार्टी कार्यकर्ताहरूको विजय बताउनुभयो।

लगभग अस्सी हजार भन्दा अधिक भोटले विजयी गराएकोमा राज्यका मानिसहरूप्रति आभार प्रकट  गर्दै उहाँले जनताको विश्व अनुरूप निष्ठापूर्वक काम गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

श्री सुब्बाले यस जीतबाट प्रेरणा लिएर अरू जोश र अनुभवका साथ सदनमा सिक्किमका थाँतीमा रहेका मुद्दाहरूलाई अघि बढाउने आश्वासन दिनुभएको छ।

**लोकसभा रिजल्ट सिक्किम- भरत बस्नेत**

यसपालिको चुनाउमा दोस्रो स्थानमा रहनुहुने सिटिजन एक्शन पार्टी सिक्किमका उम्मेदवार तथा पार्टी अध्यक्ष श्री भरत वस्नेतले पछिल्लो 2019 सालको चुनाउको तुलनामा यसपटक अधिक मत प्राप्त गर्नुभएको छ।

भारतीय  राष्ट्रिय कांग्रेसको टिकटमा सिक्किम संसदीय समष्टिको चुनाउ लड़दा उहाँले तीन हजार नौ सय नब्बे भोट पाउनु भएको थियो।

1925-26 सालमा राजनीतिमा प्रवेश गर्ने पूर्व काँग्रेस नेता श्री भरत वस्नेतले 2020 सालमा काँग्रेस पार्टीबाट राजिनामा दिनुभयो र उहाँ यसै वर्ष जनवरी महीनामा सिटिजन एक्शन पार्टी सिक्किममा सामेल हुनुभएको हो।

**लोकसभा रिजल्ट सिक्किम- पि डि राई**

सिक्किम प्रजातान्त्रिक मोर्चा एसडिएफ का प्रत्याशी श्री प्रेमदास राई यसपालिको चुनाउमा तेस्रो स्थानमा रहनुभयो।

यसअघि दुई हजार नौ र दुइ हजार चौध सालको चुनाउमा उहाँले विजयी भएर लोकसभामा दुइपल्ट सिक्किमको प्रतिनिधित्व गर्नु भएको हो।

दुई हजार नौ मा श्री राईको पक्षमा एक लाख उन्साठी हजार तीन सय एकाउन्न र दुई हजार चौधमा एक लाख त्रिसाठी हजार छ सय अन्ठानब्बे मत  खशालिएको थियो।

**क्याप रिएक्सन**

सिटिजन एक्शन पार्टी सिक्किमले लोकसभा चुनाउमा पार्टीको पक्षमा मतदान गर्ने मतदाताहरूप्रति आभार प्रकट गरेको छ।

गान्तोकमा आज एउटा पत्रकार सम्मेलनलाई श्री भरत बस्नेतले भन्नुभयो विधानसभा चुनाउ र लोकसभा चुनाउको आकंड़ालाई हर्नु हो भने राज्यका जनताले पार्टीप्रति भरोसा व्यक्त गरेका छन्।

चुनाउमा हरजीतलाई सामान्य प्रक्रिया बताँउदै उहाँले विजयी दलले राज्य र राज्यवासीहरूको हितमा काम गर्नेछ भन्ने आशा प्रकट गर्नुभयो।

जनताको विश्वासलाई सर्वोपरि राखेर काम गरिरहेने प्रतिवद्धता व्यक्त गर्दै उहाँले चुनाउ परिणाम पछि नैतिक जिम्मेवारी लिएर सिटिजन एक्शन पार्टी सिक्किमका अध्यक्षको पदबाट राजिनामा लिने घोषणा गर्नुभयो र भन्नुभयो पार्टीको भावी रणनीतिलाई उहाँले स्वीकार गर्नुहुनेछ।

श्री वस्नेतले एसकेएम पार्टीका अध्यक्ष श्री प्रेमसिंह तामङ र पार्टीलाई वधाई दिँदै जनतालाई दिइएको आश्वासन पूरा गर्ने आग्रह गर्नुभयो।

**नेस्नल रिजल्ट**

पार्टीगत आधारमा हेर्नु हो भने अहिलेसम्म भारतीय जनता पार्टीले बासठी सीत जितेको छ र एक सय छ्यात्तर सीटहरूमा अघि छ।

भारतीय राष्टिरय कांग्रेसले सताइस सीट जितेको छ भने एकात्तर सीटहरूमा अघाड़ि रहेको छ।

प्राप्त जानकारी अनुसार जनता दल सेक्युलरले दुई सीट, समाजवादी पार्टी, तेलेगु देशम, शिवसेना उद्दम बालासाहेब ठाकरे, मानसवादी कम्युनिष्ट पार्टी, आम आदमी पार्टी र नेशनलिष्ट काँग्रेस पार्टीले एक एक सीट जितेका छन्।

**दार्जीलिङ सीट**

पश्चिम बंगालको दार्जीलिङ लोकसभा सीटमा भारतीय जनता पार्टीमा उम्मेदवार वर्तमान सांसद श्री राजु विष्टले अहिलेसम्मको गणना अनुसार छ लाख देह्र हजार चार सय एकात्तर भोट प्राप्त गर्नुभएको छ।

उहाँका निकटतम प्रतद्वन्दी श्री गोपाल लामालई चार लाख अड़सठी हजार तीन सय भोट प्राप्त भएको छ।

दार्जीलिङ संसदीय समष्टिमा चौधजना उम्मेदवारहरू चुनाउ मैदानमा छन्।

**सिएम कंग्राचुलेट इन्द्र हाङ सुब्बा**

मुख्यमन्त्री श्री प्रेमसिंह तामङले अठारौं लोकसभा चुनाउमा उल्लेखनीय जीतका निम्ति सिक्किमका लोकसभा प्रत्याशी श्री इन्द्रहाङ सुब्बालाई बधाई दिनु भएको छ।

आफ्नो आधिकारिक फेसबुक पेजमा मुख्यमन्त्रीले श्री सुब्बाको यस सफलतालाई उहाँको समर्पण, कड़ा परिश्रम र सिक्किमे जतनाको उहाँमाथिको विश्वासको प्रमाण बताउनु भएको छ।

श्री तामङले विश्वास व्यक्त गर्नु भए अनुसार श्री सुब्बाले ईमानदारी, दूरदर्शिता र जिम्मेवारीको भावना लिएर काम गर्नुहुनेछ।
सिक्किमलाई प्रतिनिधित्व गरेर राज्यको उज्जवल भविष्यका निम्ति काम गर्ने अर्को यात्राका लागि श्री सुब्बालाई शुभकामना दिँदै मुख्यमन्त्रीले एसकेएम पार्टीका उम्मेदवारलाई विजयी बनाएकोमा राज्यका जनताप्रति आभार प्रकट गर्नुभएको छ।

**एसडिएफ प्रेसिडेन्ट**

सिक्किम प्रजातान्त्रिक मोर्चा एसडिएफ पार्टीका अध्यक्ष तथा पूर्व मुख्यमन्त्री श्री पवन चामलिङले आम चुनाउ 2024 मा जीतका निम्ति पार्टीको तर्फबाट सिक्किम क्रान्तिकारी मोर्चा एसकेएम पार्टीलाई वधाई दिनुभएको छ।
आज जारी एउटा प्रेस विज्ञात्पीमा श्री चामलिङले एसकेएम पार्टीको सरकारले सिक्किमका मानिसहरूको हितमा र राज्यको सर्वाङ्गीण विकासका लागि पहिले दिइएका आश्वासनहरू पूरा गर्नेछ भन्ने आशा व्यक्त गर्नुभएको छ।
भारतको चुनाउ आयोग, मुख्य चुनाउ अधिकारी, विभागका अधिकृतहरू र कानु लागू गर्ने एजेन्सीहरूप्रति कृतज्ञता प्रकट गर्दै एसडिएफ का अध्यक्षले प्रजातन्त्रको यो महत्वपूर्ण प्रक्रियामा सहभागी भएकोमा राज्यका मानिसहरूप्रति अभार व्यक्त गर्नुभएको छ।
मुख्यमन्त्री श्री प्रेमसिंतामङले आज बिहान राजभवनमा राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यसित भेट गरी सरकार गठन गर्ने औपचारिक प्रस्ताव सुम्पिनुभयो।
राज्यपालले उहाँको यो प्रस्तावलाई स्वीकार गर्नुभएको छ।

**इभिएम सिल्ड**

राज्यमा लोकसभा चुनाउको मतगणना प्रक्रिया समाप्त भएपछि प्रयोग भएका इलेक्ट्रोनिक भोटिङ मशिन ईभिएम र भिभिपेट पर्चीहरूलाई सीलवन्द गरी निर्धारित स्थानहरूमा कड़ा सुरक्षाका साथ राखिएको छ।
ईभिएम सीलबन्द गर्ने कार्य सम्वन्धित जिल्लाका निर्वाचन अधिकारी तथा रिटर्निङ अधिकारी, सहायक रिटर्निङ अधिकारीहरू, चुनाउ अधिकृतहरू र विभिन्न राजनीतिक पार्टीका प्रतिनिधिहरूको उपस्थितीमा सम्पन्न भयो।
भारतको निर्वाचन आयोगको दिशानिर्देश अनुसार यी उलेक्ट्रोनिक भोटिङ मशिनहरू पैंतालिस दिनसम्म सीलवन्त रहनेछन्।